राप्ती गाउँपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड :                अङ्क :                प्रकाशन मितिः २०८१/०१/०६

**भाग २**

## राप्ती गाउँपालिकाको सहकारी संस्था दर्ता तथा कार्यक्षेत्र विस्तारसम्बन्धी मापदण्ड- २०८०

कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/१२/३०

**प्रस्तावनाः**

सहकारी संस्था सम्बन्धी विद्यमान सहकारी कानुन सहकारीको अन्तर्राष्ट्रिय मूल्य, मान्यता र सिद्धान्तहरुको अनुसरण गर्दै राप्ती गाउँपालिकाभित्र सञ्चालित सहकारी संस्थाहरुको दर्ता, कार्यक्षेत्र बिस्तार लगायतको प्रयोजनका लागि राप्ती गाउँपालिकाको सहकारी ऐन, २०७५ को दफा १०१ को प्रयोग गरी राप्ती गाउँ कार्यपालिकाको बैठकले यो मापदण्ड बनाएको छ ।

**सहकारी संस्थाको दर्ता तथा कार्यक्षेत्र बिस्तार सम्बन्धमा**

१. राप्ती गाउँपालिकालाई कार्यक्षेत्र बनाई काम गर्न ईच्छुक उपभोक्ता सहकारी संस्था, ऊर्जा र स्वास्थ्य विशेषका विषयगत सहकारी तथा प्राथामिक आवस्यकता एबं सेवाको योजना समेतका आधारमा निर्माण भएका सहकारी संस्था दर्ता गर्ने तर बचत तथा ऋणको कारोबार लाई मुख्य उद्देस्य बनाई स्थापना हुने सहकारी संस्थाको दर्ता नगर्ने तथा हाल सञ्चालनरत त्यस्ता प्रकृतिका सहकारी संस्थाहरुको सेवाकेन्द्र बिस्तार तथा कार्यक्षेत्र बिस्तार समेत नगर्ने ।

२. राप्ती गाउँपालिका अन्तर्गत स्थापित उत्पादक संस्था (जस्तै : कृषिसँग सम्बन्धित सहकारी संस्था) लाई उक्त स्थानमा सोही प्रकृतिको काम गर्ने सहकारी संस्थाको अवस्था, उपस्थिति, औचित्यता आदिलाई मध्यनजर गरेर मात्र दर्ता गर्ने । यस्ता सहकारी संस्था दर्ता गर्दा समेत एउटा वडामा एकै प्रकृतिका सहकारीलाई विशिष्ट कार्ययोजना नभएको खण्डमा दर्ता नगर्ने ।

३. राप्ती गाउँपालिका अन्तर्गत स्थापित श्रमिक सहकारी संस्था जस्तै : संगठित रुपमा श्रम गर्ने सहकारी सिपमूलक कार्य गर्ने सहकारी, हस्तकलाको उत्पादन गर्ने सहकारी, औद्योगिक उत्पादन गर्ने सहकारी, भोजनालय लगायत खाद्य परिकार निर्माण गर्ने सहकारीको दर्ता तथा कार्यक्षेत्र बिस्तार गर्न दिने ।

४. स्थानीय स्रोत र साधनको प्रयोग गरी स्थापना गरिने उत्पादन सहकारी, श्रम र सीपमा आधारित सहकारी संस्थाको दर्ता गर्ने ।

५. नियम १, २, ३ र ४ मा उल्लेखित सहकारी संस्थाको दर्ता गर्दा शुरुमा कार्यक्षेत्र एक वडा भन्दा बढी नहुने गरी दर्ता गर्ने ।

६. नियम १, २, ३ र ४ मा उल्लेखित सहकारीको कार्यक्षेत्र विस्तार र सेवाकेन्द्र बिस्तार गर्दा एक बर्षमा एक वडा मात्र थप्नेगरी बिस्तार गर्ने ।